# उच्च अदालत जनकपुर राजबिराज इजलास

राजबिराज, सप्तरी

फोन नं. ०३१-५३०६८२
०३१-५३३६८२
फ्याक्स नं. ०३१-५३१०४२

प्रशासन शाखा

प. सं. :- २०७८/०७९

च.नं. :-

मिति :- २०७८/०५/२४

सूचना! सूचना!! सूचना!!!

यस अदालतका माननीय न्यायाधीश एक जना र शाखा अधिकृत एक जनालाई कोरोना पोजेटिभ देखिएको र केही न्यायाधीश तथा कर्मचारीहरुमा प्रारम्भिक लक्षण रुघा खोकी तथा ज्वरोसमेत देखिएकोले प्रारम्भिक रुपमा नियन्त्रण व्यवस्थापन गर्न आवश्यक देखिएकोले मिति २०७८।०५।२४ गतेको पूर्णवैठकको निर्णय अनुसार मिति २०७८।०५।२५ गते देखि २०७८।०६।०१ गते सम्मका लागि यस अदालतबाट सम्पादित हुने दैनिक कार्यहरु संकुचन हुने हुँदा सो अवधिका लागि निम्न अनुसारको सेवा प्रवाह कार्यमा संकुचन गरी अन्य सेवाहरु संचालन हुने व्यहोरा जानकारीको लागि अनुरोध छ।

क. वन्दीप्रत्यक्षीकरण, मुद्दा फिर्ता निवेदनहरु तथा मिलापत्रको दर्ता तथा सुनुवाई कार्य, प्रतिदिन वढीमा १० वटासम्म रिट निवेदनहरु दर्ता तथा प्रारम्भिक सुनुवाई कार्य, प्रतिदिन १० वटासम्म थुनुवा सम्बन्धी वेरितका निवेदनहरु दर्ता तथा सुनुवाई कार्य, कोभिडसँग सम्बन्धित निवेदनहरु दर्ता तथा सुनुवाईको कार्य वाहेक अन्य प्रकारका दर्ता तथा सुनुवाईहरु मिति २०७८।०६।०१ सम्मका लागि स्थगित हुने।

ख. प्रतिदिन वढीमा १० वटासम्म पुनरावेदन दर्ता हुने।

ग. अदालत प्रवेश गर्ने सेवाग्राहीहरुको प्रवेश र सेवा प्रवाहमा स्वास्थ्य सुरक्षा मापदण्डलाई थप प्रभावकारी वनाई सेवा प्रदान गर्ने।

रजिष्ट्रार